# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०४/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु सुनिल पौडेल, रमेश कोइराला, कल्पना बास्कोटा, र भक्त कुमारी लुईटेल मु.नं (०८०-CR-०१९५) फैसला मिति २०८१/०५/३० | सरकारी कागजात सच्याई सामाजिक सुरक्षा भत्ता प्राप्त गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **जिल्ला मोरङ, रतुवामाई नगरपालिका वडा नं. ६ का वडाध्यक्ष तुलाराम लुइटेलको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिमको कसुर गरेको देखिदाँ निज प्रतिवादी तुलाराम लुइटेललाई उल्लेखित कसूरमा बिगो रु.१,६०,०००।— (एक लाख साठी हजार) कायम गरी सोही ऐनको दफा ९ बमोजिम र दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड(घ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन,<br>• **वडा सचिव कल्पना बास्कोटाको हकमाः** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ र दफा १७ बमोजिमको कसूर गरेको देखिदाँ निज प्रतिवादी कल्पना बास्कोटालाई उल्लेखित कसूरमा बिगो रु.१,४४,०००।— (एक लाख चौवालिस हजार मात्र) कायम गरी सोही ऐनको दफा ९ बमोजिम र दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) र दफा ३ को उपदफा (१) बमोजिम सजायसमेत हुन,<br>• **प्रशासकिय अधिकृत सुनिल पौडेल र ऐ.ऐ कार्यालयका तत्कालिन ना.सु. रमेश कोइरालाको हकमाः** प्रतिवादीहरु सुनिल पौडेल र रमेश कोइरालाले रतुवामाई नगरपालिका वडा नं.६ का वडाध्यक्ष तुलाराम लुइटेल र भक्त कुमारी लुईटेलसँगको मिलेमतोमा भक्त कुमारी लुईटेलको नागरिकताको प्रथम प्रतिलिपि जारी गर्नको निमित्त ईलाका प्रशासन कार्यालय रंगेली मोरङमा पेस भएको अनुसूचीको विवरण एकिन नगरी, प्रथम प्रतिलिपिका लागि भक्त कुमारी लुईटेलको विवरण रहेको कार्यालयबाट विवरण माग तथा रुजु समेत नगरी, जन्म मिति फरक पारी प्रतिलिपि नागरिकता जारी गरिदिई बदनियतपुर्वक ढंगले गलत लिखत तयार गर्ने कार्य गरेको तथ्य पुष्टि हुन आएको र निज प्रतिवादीहरु सुनिल पौडेल र रमेश कोइरालाले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूर गरेको देखिदाँ निज प्रतिवादीहरु सुनिल पौडेल र रमेश कोइरालालाई उल्लेखित कसूरमा सोहि ऐनको दफा ९ बमोजिम सजाय हुन,<br>• **रतुवामाई नगरपालिका वडा नं. ६ का मेगदिप पोखरेल र तारा देवी पोखरेलको हकमाः** प्रतिवादीहरु मेगदिप पोखरेल र तारा देवी पोखरेलले मुख्य प्रतिवादीहरु तुलाराम लुइटेल र कल्पना | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरु तुलाराम लुईटेल, मेगदिप पोखरेल र तारादेवी पोखरेलको आरोपदावी बमोजिमको कसुरमा संलग्नता देखिन आयो।<br>• प्रतिवादीहरु सुनिल पौडेल, रमेश कोइरालाले उक्त प्रतिलिपि नागरिकता बनाईदिंदा भक्त कुमारीले ज्येष्ठ नागरिक भत्ता लिनको लागि बनाएको, जन्ममिति फरक भएको तथ्य थाहा भएर पनि गलत उमेर राखी बनाईदिएको तथ्य देखिने कुनै आधार देखिंदैन।<br>• प्रतिवादी भक्त कुमारी लुइटेलले कुनै लाभ प्राप्त गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेको।<br>• प्रतिवादी कल्पना बास्कोटा अनुसन्धानको क्रममा र अदालतमा इन्कार रही बयान गरेको र उक्त सामाजिक सुरक्षा डाटावेसमा इन्ट्री भएको दिन शनिबार र निज शुक्रबार नै विदा स्वीकृत गरी विदामा रहेको हाजिरी उतार र निवेदनबाट देखिएकोले उपस्थित नरहेको। | • जिल्ला मोरङ रतुवामाई नगरपालिका वडा नं.६ को कार्यालयबाट वितरण गरिदैं आएको सामाजिक **सुरक्षा (जेष्ठ नागरीक) भत्तामा तुलसा देवी बराल र भक्त कुमारी लुईटेल**को विवरण किर्ते गरी, सामाजिक सुरक्षा भत्ता वापतको रकमको अपचलन गरी भ्रष्टाचार गरेकोले आवश्यक छानविन गरी कारवाही गरी पाऊँ भन्नेसमेत व्यहोरा उजुरी निवेदन उपर थप अनुसन्धान पश्चात विशेष अदालतमा दायर भएको प्रस्तुत मुद्दामा प्रतवादी सुनिल पौडेल र रमेश कोइरालाले प्रतिवादी तुलाराम लुईटेल र भक्त कुमारी लुईटेलसँग मिलेमतो गरी जिल्ला मोरङ, रतुवामाई नगरपालिका वडा नं. ६ का वडाध्यक्ष तुलाराम लुइटेलले निजको श्रीमती भक्त कुमारी लुईटेलको नागरिकता प्रमाण पत्र नं.६१५३/३८१ को प्रथम प्रतिलिपि प्राप्त गर्न वडा कार्यालयबाट सिफारिस गर्दा निज भक्त कुमारी लुईटेलको वास्तविक जन्म मिति २०१८।१०।०९ गते रहेकोमा सो भन्दा फरक मिति २०११।१०।०९ गते कायम गरी मिति २०७८।१०।१० गते सिफारिस गरी ईलाका प्रशासन कार्यालय रंगेली, मोरङमा पेश भएको उक्त सिफारिस सहितको निवेदन कागजात बमोजिम ना.सु.रमेश कोइरालाले निवेदक भक्त कुमारी लुईटेलको नागरिकता विवरण ईन्ट्री गर्दा CIMS Data Pull गरेको तथा CIMS विवरण नभएमा नागरिकता जारी भएको कार्यालय, जिल्ला प्रशासन कार्यालय मोरङबाट विवरण माग नगरी निवेदक भक्त कुमारी लुईटेलले नागरिकताको प्रथम प्रतिलिपी जारी गर्नको निमित्त अनुसूची साथ पेश गरेको भक्त कुमारी लुईटेलको नागरिकताको फोटोकपी समेत रुजु नगरी निजको नागरिकताको प्रथम प्रतिलिपी टाईप गरी भक्त कुमारी लुईटेलको जन्म मिति २०११।१०।०९ गते कायम भएको नागरिकता नं. ६१५३-३८१ कायम गरी पेश गरेको उक्त प्रथम प्रतिलिपी मिति २०७८।१०।११ गते तत्कालिन ईलाका प्रशासन अधिकृत सुनिल पौडेलले एकिन नै नगरी जारी गरेको र सोही नागरिकताको प्रथम प्रतिलिपी लिई भक्त कुमारी लुईटेलले सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्ने उद्देश्यका साथ रतुवामाई नगरपालिका वडा नं.६ को कार्यालयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचिमा प्रविष्ट गरी लाभग्राहीको कार्डमा ईच्छाएको व्यक्तिको महलमा निजको श्रीमान तुलाराम लुइटेल उल्लेख गरी निज भक्त कुमारी लुईटेलको ससकोशी डेभलप्मेन्ट बैंकमा रहेको खातामा सामाजिक सुरक्षा (जेष्ठ नागरीक) भत्ता रु.१६,०००/- जम्मा भएकोमा सो मध्ये रु.४,०००/- निकालि नेपाल सरकारलाई हानीनोक्सानी पुर्याएको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीहरु सुनिल पौडेल र रमेश कोइरालालाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेकोले बदर भागी छ।<br>• **प्रतिवादीहरु सुनिल पौडेल** ईलाका प्रशासन कार्यालय रंगेली, मोरङका तत्कालिन प्रशासकिय अधिकृत तथा प्रतिवादी **रमेश कोईराला** नायब सुव्वा पदमा कार्यरत् रहेको देखिन्छ भने निजहरुले नै विवादित भक्त कुमारी लुईटेलको प्रतिलिपि नागरिकता प्रमाणित गरिदिएको तथ्यमा विवाद छैन।प्रतिवादीहरु सुनिल पौडेल र रमेश कोइरालाले रतुवामाई नगरपालिका वडा नं.६ का वडाध्यक्ष तुलाराम लुइटेल र भक्त कुमारी लुईटेलसँगको मिलेमतोमा भक्त कुमारी लुईटेलको नागरिकताको प्रथम प्रतिलिपी जारी गर्नको निमित्त वडा अध्यक्ष तुलाराम लुईटेलले निजको श्रीमती भक्त कुमारी लुईटेलको उमेर बढाई गरेको सिफारिस पत्र साथ संलग्न नागरिकताको प्रतिलिपी लगायतका कागजातहरु साथ ईलाका प्रशासन कार्यालय रंगेली मोरङमा पेश भएको अनुसूचीको विवरण एकिन नगरी, प्रथम प्रतिलिपीका लागि भक्त कुमारी लुईटेलको विवरण रहेको कार्यालयबाट विवरण माग तथा रुजु समेत नगरी, जन्म मिति फरक पारी प्रतिलिपी नागरिकता जारी गरिदिई बदनियतपुर्वक ढंगले गलत लिखत तयार गर्ने कार्य गरेको प्रतिवादी तुलाराम लुईटेलको बयान, निजले गरिदिएको सिफारिस, सोही सिफासिसको आधारमा जारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बास्कोटासँग मिलेमतो गरी सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्न योग्य नभएको व्यक्तिको झुठा विवरण तयार पारी सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचीमा प्रविष्ट गरी गराई मुख्य प्रतिवादीहरु तुलाराम लुइटेल र कल्पना बास्कोटाले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिमको कसूरको सामाजिक सुरक्षा अन्तर्गतको जेष्ठ नागरिक भत्ता रकम लिने खाने नगद लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई निज प्रतिवादीहरु मेगदीप पोखरेल र तारा देवी पोखरेलले सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको देखिएको हुदा निज प्रतिवादीहरु मेगदिप पोखरेल र तारा देवी पोखरेललाई मुख्य कसूरदारहरु तुलाराम लुइटेल र कल्पना बास्कोटालाई बिगो रु.१,४४,०००।—(एक लाख चौवालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिम हुने सजायलाई आधारमानी प्रतिवादीहरु मेगदिप पोखरेल र तारा देवी पोखरेललाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वांक्यास बमोजिम मुख्य कसूरदारहरु तुलाराम लुइटेल र कल्पना बास्कोटालाई हुने सजाय सरह सजाय हुन,<br>• **रतुवामाई नगरपालिका वडा नं.६ की भक्त कुमारी लुईटेलको हकमाः** प्रतिवादी भक्त कुमारी लुईटेलले मुख्य प्रतिवादी निजको श्रीमान तुलाराम लुइटेलसँग मिलेमतो गरी नागरिकताको प्रतिलिपिको निमित्त वडा कार्यालयबाट गरिने सिफारिशमा उमेर बढाई सिफारिश गरे गराएको, प्रतिवादी सुनिल पौडेल र प्रतिवादी रमेश कोइरालासँग मिलेमतो गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने उद्देश्यले नेपाली नागरिकताको प्रथम प्रतिलिपि लिँदा उमेर बढाई नागरिकताको प्रथम प्रतिलिपि प्राप्त गरेको, उक्त नागरिकताको प्रथम प्रतिलिपि प्राप्त गरेपछि प्रतिवादी तुलाराम लुइटेलसँगको मिलोमतोमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचीमा नाम प्रविष्ट गराई नगद लाभ प्राप्त गरे गराएको पुष्टि भएको हुँदा निज प्रतिवादी भक्त कुमारी लुईटेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिम कसूरजन्य कार्यको नगद लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी भक्त कुमारी लुईटेललाई मुख्य कसूरदार तुलाराम लुइटेललाई बिगो रु.१६,०००।-(सोह्र हजार) को आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १७ बमोजिम हुने सजायलाई तथा प्रतिवादीहरु सुनिल पौडेल र रमेश कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम हुने सजायलाई आधार मानी प्रतिवादी भक्त कुमारी | | भएको भक्त कुमारी लुईटेलको नागरिकताको प्रथम प्रतिलिपी, निजकै समाजिक सुरक्षा (जेष्ठ नागरीक) भत्ताको लाभग्राही कार्ड तथा निजको सप्तकोशी डेभलपमेन्ट बैंकको बैक स्टेटमेन्ट लगायतका मिसिल संलग्न सवुद प्रमाणबाट  प्रतिवादीहरु सुनिल पौडेल र रमेश कोईरालाले बदनियतपूर्वक प्रतिवादीहरु तुलाराम लुईटेल तथा भक्त कुमारी लुईटेलसँग मिलेमतो गरी गलत नागरिकताको प्रथम प्रतिलिपी जारी गरेको र सोही नागरिकताको आधारमा सामाजिक सुरक्षा (जेष्ठ नागरीक) भत्ता पाउने लाभग्राही सुचीमा प्रविष्ट गराई नेपाल सरकारलाई रु.१६,०००/- हानीनोक्सानी पुर्याएको पुष्टि हुँदा हुँदै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी छ।<br>• **प्रतिवादी भक्त कुमारी लुईटेलको हकमाः** प्रतिवादी भक्त कुमारी लुईटेलले मुख्य प्रतिवादी निजको श्रीमान तुलाराम लुइटेलसँग मिलेमतो गरी नागरिकताको प्रतिलिपिको निमित्त वडा कार्यालयबाट गरिने सिफारिसमा उमेर बढाई सिफारिस गरे गराएको, प्रतिवादी सुनिल पौडेल र प्रतिवादी रमेश कोइरालासँग मिलेमतो गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने उद्देश्यले नेपाली नागरिकताको प्रथम प्रतिलिपि लिँदा उमेर बढाई नागरिकताको प्रथम प्रतिलिपि प्राप्त गरेको, उक्त नागरिकताको प्रथम प्रतिलिपि प्राप्त गरेपछि प्रतिवादी तुलाराम लुइटेलसँगको मिलोमतोमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचीमा नाम प्रविष्ट गराई नगद लाभ प्राप्त गरे गराएको  मिसिल संलग्न निजले पेश गरेको ईलाका प्रशासन कार्यालय रंगलीमा पेश गरेको अनुसुची साथ संलग्न कागजात सोही आधारमा प्राप्त गरेको नागरिकताको प्रथम प्रतिलिपी, सामाजिक सुरक्षा (जेष्ठ नागरीक) भत्ता लाभग्राही कार्ड तथा निज भक्त कुमारी लुईटेलको नाममा रहेको सप्तकोशी डेभलपमेन्ट बैंकको बैक स्टेटमेन्ट समेतका मिसिल संलग्न तथ्य तथा सबुद प्रमाणहरुबाट पुष्टि भई नगद लाभ लिने प्रकृतिको मतियार भई भ्रष्टाचारजन्य कसुर गरेको देखिंदा देखिंदै निज प्रतिवादीलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ।<br>• **प्रतिवादी कल्पना बास्कोटाको हकमाः** जिल्ला मोरङ, रतुवामाई नगरपालिका वडा नं.६ बस्ने **मेगदिप पोखरेल**ले निजको जेठी श्रीमती (ना.प्र.प.नं. ५१२४४) **तुलसा देवी बराल**को नाम नेपाल सरकारबाट प्रदान हुने सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचीमा प्रविष्ट गर्नको निमित्त तुलसा देवी बरालको नागरिकताको प्रथम प्रतिलिपीको फोटोकपीमा निज तुलसा देवी बरालको जन्म मिति महलमा २० बर्ष उल्लेख भएकोमा उक्त २० बर्षको २ लाई सच्चाई ३ बनाई मिति २०३६।१०।०३ गते जारी हुदाँ उमेर ३० बर्ष हुने गरी केरमेट गरी उमेर बढाई सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचीमा नाम दर्ताको निमित्त मिति २०७५।०५।०३ गते निज मेगदिप पोखरेल स्वंयले तुलसा देवी बरालको नाम दर्ताको लागि दिने दरखास्तको ढाचाँ, अनुसूची-३(क) भरी तुलसा देवी बरालको नामको दस्तखत ल्याप्चे भएको फारम रतुवामाई नगरपालिका वडा नं.६ को कार्यालयमा पेश विवरण निज प्रतिवादी कल्पना बास्कोटाले तुलसा देवी बरालको श्रीमान मेगदिप पोखरेल तथा निजकी कान्छी श्रीमती तारा देवी पोखरेलसँग मिलेमतोगरी नेपाल सरकारबाट प्रदान हुने सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्न योग्य नरहेको तुलसा देवी बरालको सक्कल कागजात समेत परिक्षण नगरी, लाभग्राही स्वंयले सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्नको निमित्त अनुसूची भरी पेश गरेको/नगरेको सम्बन्धमा कुनै छानविन नगरी, पेश भएको निवेदन उपर कार्यालयबाट कुनै किसिमको तोक, दर्ता र कारबाही नभएको अवस्थामा, निज कल्पना बास्कोटा स्वंयले चलाउने गरी अख्तियारी प्राप्त आई.डी. को प्रयोग गरी सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्न योग्य नरहेकी तुलसा देवी बरालको नाम सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचिमा प्रविष्ट गराउन सोही कार्यालयका कार्यालय सहयोगी उमेश प्रसाद साहलाई आदेश दिई तुलसा देवी बरालको नाम सामाजिक सुरक्षा (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्ने सूचीमा प्रविष्ट गरी/गराई बदनियतपुर्वक ढंगबाट गलत लिखत तयार गर्ने कार्य गरी गराई तुलसा देवी बरालको नामको सामाजिक सुरक्षा भत्ता वापतको रकम निकसा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लुईटेललाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वांक्याशबमोजिम मुख्य कसूरदारहरु तुलाराम लुइटेल, सुनिल पौडेल र रमेश कोइरालालाई हुने सजाय सरह सजाय हुन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• **प्रतिवादी तुलाराम** लुईटेलको कसूरमा संलग्नता रहेको प्रमाणबाट पुष्टि भएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम गलत लिखत तयार गरे गराएको र दफा १७ को उपदफा (१) बमोजिमको सरकारी हानि नोक्सानीको कसूर गरेको देखिन आएकोले दफा ९ को कसूरमा सोही दफा ९ बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००/- (दश हजार) जरिबानाको सजाय हुने र दफा १७ को कसूरमा सोही दफामा उल्लेख भए अनुरुप जम्मा बिगो रु.१,६०,०००/- (एक लाख साठ्ठी हजार) कायम गरी दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम ६ महिना कैद र उपदफा (१) बमोजिम बिगो बमोजिम रु.१,६०,०००/- (एक लाख साठ्ठी हजार) जरिबानाको सजाय हुने ठहर्छ। बिगोको हकमा दाखिला भई सकेको हुँदा पुनः असुल गर्नु परेन साथै **प्रतिवादीहरु मेगदिप पोखरेल र तारादेवी पोखरेलका हकमा** निज दुवै जनाले तुलसादेवी बरालको नाउँमा जेष्ठ नागरिक वापतको भत्ता लिन पेस गर्ने नागरिकताको छायाँ प्रतिमा सच्च्याई सामाजिक सुरक्षा लिई लाभग्राहीको नाउँमा प्रविष्ठ हुने कार्यमा निज प्रतिवादी तुलाराम लुइटेलको मतियारको भूमिकामा संलग्न भई आफूले फाइदा लिएको देखिंदा तुलसादेवी वरालको नाउँमा रु.१,४४,०००/- बिगो हिनामिना भएकोले सोही हद सम्म भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम प्रतिवादी तुलाराम लुईटेललाई भएको सजाय सरह दफा ९ बमोजिम जनही ३ (तीन) महिना कैद र रु.१०,०००/- (दश हजार रुपैयाँ) जरिबाना तथा दफा १७ को कसूरमा दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जनही ६ (छ) महिना कैद र उपदफा (१) बमोजिम जनही बिगो बमोजिम जरिबाना रु.१,४४,०००/- हुने ठहर्छ। बिगो दाखिला भई सकेको हुँदा असूल गर्नु परेन। **प्रतिवादीहरु सुनिल पौडेल, रमेश कोइराला, कल्पना बास्कोटा र भक्त कुमारी लुइटेलको हकमा** मिसिल संलग्न प्रमाणबाट आरोपदाबी पुष्टि हुन नआएकोले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी मिति २०८१/०५/३० मा फैसला भएको देखिन्छ। | | गरी/गराई बदनियतपुर्ण ढंगबाट रु.१,४४,०००।-(एक लाख चौवालिस हजार मात्र) रकम सार्वजनिक सम्पत्तिको लापरबाही गरी हानिनोक्सानी गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भइरहेको अवस्थामा यि प्रतिवादीलाई सफाई दिन गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदर भागी छ।<br>• **प्रतिवादी भक्त कुमारी लुईटेलको हकमाः** प्रतिवादी भक्त कुमारी लुईटेलले मुख्य प्रतिवादी निजको श्रीमान तुलाराम लुइटेलसँग मिलेमतो गरी नागरिकताको प्रतिलिपिको निमित्त वडा कार्यालयबाट गरिने सिफारिसमा उमेर बढाई सिफारिस गरे गराएको, प्रतिवादी सुनिल पौडेल र प्रतिवादी रमेश कोइरालासँग मिलेमतो गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने उद्देश्यले नेपाली नागरिकताको प्रथम प्रतिलिपि लिंदा उमेर बढाई नागरिकताको प्रथम प्रतिलिपि प्राप्त गरेको, उक्त नागरिकताको प्रथम प्रतिलिपि प्राप्त गरेपछि प्रतिवादी तुलाराम लुइटेलसँगको मिलोमतोमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सूचीमा नाम प्रविष्ट गराई नगद लाभ प्राप्त गरे गराएको मिसिल संलग्न तथ्य तथा सबुद प्रमाणहरुबाट पुष्टि भई नगद लाभ लिने प्रकृतिको मतियार भई भ्रष्टाचारजन्य कसुर गरेको देखिंदा देखिंदै निज प्रतिवादीलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार कारण र मिसिल संलग्न तथ्य तथा सबुद प्रमाणहरु प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदा हुँदै निज **प्रतिवादीहरु सुनिल पौडेल, रमेश कोईराला, कल्पना बास्कोटा र भक्त कुमारी लुईटेललाई** सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण भएकोले उक्त फैसला बदर गरी यी प्रत्यर्थी/प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी बमोजिमको कसूर ठहर गरी सजाय गरिपाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |